# ताादी गाउँपालिका
## Tadi Rural Municipality
### गाउँ कार्यपालिकाको कार्यालय
### Office of the Rural Municipali Exuctive

खरानीटार, नुवाकोट
kharanitar, Nuwakot
३ नं. प्रदेश, नेपाल, 3 NO Province, Nepal
स्थापित Estd:2073


मिति / **Date** :

प.सं. *(Ref No.)* :-

च.नं. *(Dispath No.)*:- 529

**विषय/Sub:-**

मिति : २०७६।०२।०७

श्री............ **विषय : आ.ब. ०७६।०७७ को वडा स्तरीय वार्षिक कार्यक्रम तथा योजना सम्वन्धमा ।**

श्री वडा कार्यालयहरु सबै
तादी गाउँपालिका

प्रस्तुत विषयमा आ.ब. ०७६।०७७ मा तहाँ वडा स्तरबाट संचालन गरिने वार्षिक कार्यक्रम तथा योजनाहरु यही जेष्ठ मसान्त भित्र आ आफ्नो वडामा वडा अध्यक्षको प्रत्यक्ष उपस्थितिमा वडा सदस्यहरु समेत बसी टोल टोलबाट प्राथमिकताको आधारमा योजना तथा आयोजनाहरु छनौट गरी पठाउनु हुन अनुरोध गरिन्छ ।

विगत आ.ब.का योजनाहरुलाई मध्यनजर गर्दा पटक पटक कार्यपालिका वैठकवाट योजनाहरु रकमान्तर गर्नुपर्ने तथा वार्षिक नीति तथा कार्यक्रम बनीसकेपछि पनि समय समयमा गाउँ पालिकाको विभिन्न टोल र समुदायवाट योजनाहरु माग भई आउने समस्या समेत भएको पाईएकोले यस आ.ब. बाट समयमै आ आफ्नो टोलका योजनाहरु विशेष परिस्थिति बाहेक पछी रकमान्तर गराउन नपर्ने गरी संलग्न **स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को अधिनमा रहि** टोल टोल र बस्ती बस्तीमा भ्रमण गरी योजना छनौट गर्नु हुन समेत यसै पत्र मार्फत जानकारी गराईन्छ ।

अशोक विष्ट
प्रमुख प्रशासकीय अधिकृत

फो.नं ०१०६३०००६

# तादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खरानीटार, नुवाकोट
स्था. २०७३

३ नं प्रदेश नेपाल

पत्र संख्या :- ०७५/०७६

च. नं :-

तादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खरानीटार, नुवाकोट २०७३

**स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुँदा ३ मा उल्लेखित वार्षिक योजना तथा बजेटका प्राथमिकताहरु निम्न बमोजिम रहेको :**

(क) आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,

(ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,

(ग) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढाउने,

(घ) स्थानीय सहभागिता जुटने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,

(ङ) स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,

(च) महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

(छ) लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने,

(ज) दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाऊ पुर्याउने,

(झ) भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिबृद्धिमा सभाऊ पुर्याउने,

**(ञ) स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु :**

जस अन्तर्गत यस कार्यपालिकाबाट निम्न बमोजिमका प्राथमिकताका आधारहरु तय गरिएको छ :

(१) वस्तीस्तरबाट योजना तथा कार्यक्रम संकलन गर्दा संचालन हुने योजना तथा कार्यक्रमले कम्तिमा १० घरधूरी समेटेको हुनु पर्नेछ ।

(२) लक्षित वर्गका कार्यक्रमहरु संकलन गर्दा कम्तिमा ७० प्रतिशत लाभग्राही लक्षित समूहका घरधूरी समेटेको हुनु पर्नेछ ।

(३) न्यूनतम रु. ५ लाख भन्दा कमका योजनाहरु छनौट गर्न पाईने छैन ।

(४) योजना तथा कार्यक्रम संकलन तथा प्राथमिकीकरण गर्दा निम्न ५ वटा विषयगत क्षेत्र बमोजिम गर्नु पर्नेछ :

अशोक विष्ट
...कीय अधिकृत

(क) आर्थिक विकास : कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी, वित्तीय क्षेत्र ।

(ख) सामाजिक विकास : शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (महिला, बालबालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, दलित, आदिवासी, जनजाति) जस्ता क्षेत्र समावेश गर्ने ।

(ग) पूर्वाधार विकास : सडक तथा पुल (झोलुंगे पुल समेत), सिंचाई, भवन, उर्जा, सञ्चार जस्ता क्षेत्र ।

(घ) वन, वातावरण तथा विपद् व्यवस्थापन : वन तथा भू संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन, बारुणयन्त्र सञ्चालन जस्ता क्षेत्र समावेश गर्ने ।

(ङ) सुशासन तथा संस्थागत विकास : मानव संशाधन विकास, संस्थागत क्षमता विकास, राजस्व परिचालन, वित्तीय व्यवस्थापन, वित्तीय जोखिम न्यूनिकरण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परिक्षण, आन्तरिक र अन्तिम लेखापरीक्षण, बेरुजु फछ्र्यौट, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग, नागरिक असन्तुष्टि सर्वेक्षण र अन्तर निकाय समन्वय जस्ता विषयवस्तु समावेश गर्ने ।

**यसै गरी स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुँदा ५.३ मा उल्लेखित वस्ती तहका योजना छनौट सम्बन्धमा निम्न बमोजिम व्यवस्था उल्लेख भएको :**

(क) वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यहरुलाई विभिन्न वस्ती तथा टोलको योजना तर्जुमा गर्न सहजीकरण गर्ने गरी जिम्मेवारी प्रदान गर्नु पर्नेछ ।

(ख) प्रत्येक वडाले वडा भित्रका वस्तीहरुमा योजना तर्जुमाका लागि बैठक हुने दिन र समय कम्तिमा तीन दिन अगावै सार्वजनिक सूचना मार्फत जानकारी गराउनु पर्नेछ ।

(ग) वस्ती तहका योजना छनौट गर्दा सो बस्ती भित्रका सबै वर्ग र समुदाय (महिला, दलित, आदिवासी, जनजाति, बालबालिका, जेष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, पिछडिएको वर्ग आदी) को प्रतिनिधित्व सुनिश्चित गर्नु पर्नेछ ।

अशोक विष्ट
प्रमुख प्रशासकीय अधिकृत

(घ) टोल तथा वस्तीमा हुने योजना तर्जुमा प्रक्रियामा टोल तथा वस्ती भित्रका क्रियाशील सामुदायिक संस्थाहरु (टोल विकास संस्था, आमा समूह, बाल क्लब, युवा क्लब, विभिन्न सरकारी कार्यालयहरुबाट गठन भएका समूह जस्ता समूहहरु) लाई पनि सहभागी गराउनु पर्नेछ ।

माथि उल्लेख भए बमोजिमका सरोकारवालाहरुको आधिकारीक सहभागिता हुने गरी वडा सदस्यको संयोजनमा निर्धारित समय, मिति र स्थानमा उपस्थित भै योजना छनौट सम्बन्धमा अन्तरक्रिया, छलफल, विमर्श गरी योजनाहरुको छनौट गर्नु पर्नेछ । यसरी छनौट भएका योजनाहरुको सूची संयोजकले लिखित रुपमा वडा समितिमा पठाउनु पर्नेछ ।

अशोक विष्ट
प्रमुख प्रशासकीय अधिकृत